दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७७ | बुटवल | २०८२ असार ०९ गते सोमबार | नेपाल संवत ११४५ | Monday June.23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# २०४६ साल यताको नेताको सम्पति छानविन गरौं : गगन



बुटवल । नेपाली कांग्रेसका महामन्त्री गगन कुमार थापाले आफ्नो पार्टी सत्तामा बसेको बेलादेखि जिम्मेवारीमा बसेका नेताहरूको सम्पत्ति छानबिनका लागि शक्तिशाली छानबिन बनाउने प्रस्ताव पार्टीबाटै पारित गर्नुपर्ने बताएका छन् ।

नेपाल विद्यार्थी संघ (नेविसंघ) दोलखा काठमाडौं सम्पर्क समितिले आइतबार काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले यस्तो बताएका हुन् ।

कुनै पनि दलको भागबन्डामा नपरेको मान्छेलाई उक्त आयोगमा राखेर निष्पक्ष छानबिन गराउन नसक्दासम्म अबको पुस्ताले आफूहरूलाई विश्वास नगर्ने थापाको भनाइ थियो ।

'पार्टीबाट यो प्रस्ताव नै पारित गरौं भन्ने मेरो प्रस्ताव छ ।

कि २०४६ सालको जनआन्दोलनपछि नेपाली कांग्रेस सत्तामा आएको छ,' थापाले भने, 'कांग्रेस पार्टी सत्तामा आएपछि वडाको सत्तादेखि केन्द्रको सत्तासम्म हामी जो जोले जिम्मेवारी लिएका छौं । बितेका वर्षहरूको एउटा शक्तिशाली छानबिन आयोग बनाऔं । देशले पत्याएको मान्छे छानौं ।'

थापाले अहिलेका पुस्ताहरुको गुनासोलाई सम्बोधन नगरेसम्म उनीहरूबीच उपस्थित हुन नसक्ने बताए ।

'कुनै पार्टीको भागबन्डामा नबसेका मान्छेलाई त्यो समितिमा राखौं । त्यो मान्छेलाई ०४६ सालपछिका काम गरेका, जिम्मा बसेका प्रत्येका नेताको सम्पत्ति छानबिन गर्न लगाऔं,' थापाले भने, 'कांग्रेसको जो जो पर्छ, जुनसुकै तहको पर्ला, नेता पर्ला, नाता पर्ला, परिवारको पर्ला । जो परेपनि हामीले मान्छौं भनेर हामीले आँट गऱ्यौं भने मात्रै अबको जेनेरेशनले तिमिहरूको कुरा सुन्छौं भन्छ ।'

थापाले नयाँ पुस्ताले मुलुकको नेतृत्वमा नयाँ मान्छे र नयाँ दृष्टिकोण खोजिरहेको पनि बताए ।

अबको निर्वाचनमा नयाँ पुस्ता नै निर्णायक शक्ति रहेकाले उनीहरूको भावनालाई बुझ्दै पार्टी अघि बढ्नुपर्ने उनको भनाइ छ ।

## 'सही ढंगले छानबिन गरे पुर्व प्रधानमन्त्री र अर्थमन्त्रीहरू जेलमा'

बुटवल । नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले सही ढंगले छानबिन गर्ने हो भने विगतका प्रधानमन्त्री तथा अर्थमन्त्रीहरूलाई डिल्लीबजार भवनमै भेट्न पाउने बताएका छन् । पोखरामा समाजवादी प्रेस संगठन कास्कीले आयोजना गरेको पत्रकार सम्मेलनमा वरिष्ठ उपाध्यक्ष पाण्डेले सहि तरिकाले छानबिन गरेमा विगतमा प्रधानमन्त्री, अर्थमन्त्री कारबाहीमा पर्ने बताएका हुन् ।

'आशा गरौं वाइडबडीमा पनि आइदियोस्, गिरिबन्धु टिस्टेट, गोकर्ण सफारी पार्क, ओम्नी प्रकरणमा पनि आइदियोस् । यसको लर्को छ । यो लर्कोलाई सही ढंगबाट छानबिन गरेर कारबाही गराउने ठाउँमा पुऱ्याउने सक्यौं भने हामीले विगतमा प्रधानमन्त्री, अर्थमन्त्रीहरूलाई डिल्लीबजार भवनमै भेट्न पाउँछौं । पाउरोटी लिएरै जान पाउँछौं,' उनले भने । अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालमाथि लगाइएको आरोप पूर्वाग्रही पूर्ण रहेको वरिष्ठ उपाध्यक्ष पाण्डेले दाबी गरे । उस्तै खालको दुई कुरामा एउटा नीतिगत र अर्कोमा नीतिगत नहुने कुरा पूर्वाग्रही भएको उनको जिकिर छ ।

'ललिता निवास प्रकरणमा के निर्णय गरिएको पाइयो भने यो नीतिगत निर्णय हो । सरकारले नीतिगत निर्णय गर्न पाउँछ । नीतिगत निर्णय गर्दा अख्तियारको कार्यक्षेत्रभित्र पर्दैन । त्यसकारण हामीले केही गर्न पर्दैन । गर्नुपर्ने भए सरकारले गर्नु भनेर निर्णय गरेको छ,' उनले भने, 'त्यस्तै खालको कुरामा एउटामा नीतिगत निर्णय हुने र अर्कोमा नीतिगत निर्णय नहुने जुन कुरा छ । यसलाई पूर्वाग्रही पूर्ण छ भनेर हामीले भनेका छौं ।'

## लुम्बिनीकी सांसद सुमनविरुद्ध पक्राउ पुर्जी जारी

बुटवल । लुम्बिनी प्रदेश सांसद सुमन शर्मा रायमाझीविरुद्ध बैंकिङ कसुरको मुद्दामा पक्राउ पुर्जी जारी भएको छ ।जनमत पार्टीकी समानुपातिक सांसद रायमाझी बर्दियाको गुलेरिया नगरपालिका-५ निवासी हुन् । रायमाझीविरुद्ध पर्सा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको हो । प्रहरीको माग बमोजिम पर्सा जिल्ला अदालतले १६ जेठमा उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो ।

उनीविरुद्ध आशा कुमारी चौहानले बैंकिङ कसुरमा जाहेरी दिएकी थिइन् । २ लाख ७५ हजार रुपैयाँ सापटी लगेको र लामो समयसम्म नतिरेपछि पटक-पटक माग्दा चेक दिएको तर रकम नभएको भन्दै चेक बाउन्स भएको उल्लेख चौहानले दिएको उजुरीमा छ । रायमाझीले एभरेष्ट बैंकको चेकमा २ लाख ७५ हजार रुपैया उल्लेख गरेर दिए पनि रकम पर्याप्त नभएको भन्दै चेक बाउन्स भएको थियो ।

बैंकिङ कसुर मुद्दामा पक्राउ पुर्जी जारी भएकी सांसद रायमाझीलाई सम्पर्क गर्न खोज्दा भने उनको मोबाइल नम्बरमा सम्पर्क हुन सकेन ।

जनमत पार्टीका प्रवक्ता डा. शरद सिंह यादवले भने उनको व्यक्तिगत लेनदेनको विषय भएकाले यसमा पार्टीको कुनै विषय नजोडिएको र यसबारे कुनै औपचारिक छलफल नभएको बताए । यसअघि उनी जसपाबाट सांसद बनेकी थिइन् । उनी एमालेका तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलका पालामा भौतिक पूर्वाधार विकास राज्य मन्त्री भएकी थिइन् ।

माओवादी केन्द्रका मुख्यमन्त्री कुलप्रसाद केसीको मन्त्रीपरिषद्मा उनी कृषि मन्त्री बनेकी थिइन् ।

## ६१ किलो सुन तस्करीमा जोडिएकी रोका अदालतमा

बुटवल । ६१ किलो सुन तस्करी प्रकरणमा पक्राउ परेकी अमला रोकालाई अदालत उपस्थित लगिएको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का प्रवक्ता तथा एसपी युवराज खड्काले यसअघि नै मुद्दा दर्ता भएकाले सरकारी वकिलमार्फत अदालत पेश गरिएको बताए । गत शुक्रलबार सीआईबीले रोकालाई काठमाडौंको टोखाबाट पक्राउ गरेको थियो ।

उनको खोजीका लागि अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा डिफ्यूटन नोटिस जारी भएको थियो । उनी सुनकाण्डमा मुछिएका बेल्जियम नागरिक दाबा छिरिङका श्रीमतीसमेत हुन् । ठमेलस्थित होटेल भियना उनको नाममा दर्ता छ । राजस्व अनुसन्धान विभागले २ साउन २०८० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार राजस्व जाँच पास गरेर बाहिरिएको ६१ किलो सुन बरामद गरेको थियो ।

१९ दिनपछि थप अनुसन्धानका लागि भन्दै विभागले सीआईबीलाई फाइल बुझाएको थियो ।

अमला रोल्पाकी माओवादी नेतृ समेत हुन् । रोकासँग विवाह गरेपछि सुन तस्करीमा संलग्न दावा छिरिङ्ले माओवादी नेताहरुसँग सम्बन्ध बनाएका थिए ।

रोकासहित तीन चिनियाँ नागरिकसँग हेलिकप्टरमा गोसाइकुण्ड घुम्न गएको पाइएको पूर्वउपराष्ट्रपति पुत्र दिपेश पुनसमेत विवादमा मुछिएका थिए । उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराज आचार्य नेतृत्वको छानबिन समितिले उनको समेत बयान लिएको थियो ।

## मेटमणिविरुद्धको जाहेरी फिर्ताको पत्र प्रहरीमा



दाङ । प्रतिनिधिसभा सदस्य एवं नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरीविरुद्ध चेक अनादरको जाहेरी फिर्ताको पत्र जिल्ला प्रहरी कार्यालय दाङ पुगेको छ । रोल्पाका धात बुढामगरलाई चौधरीले ५ करोड ४० लाख रुपैयाँको चेक काटेका तर नसाटिएको भन्दै साउन ६ गते प्रहरीमा हुलाकबाट जाहेरी दिएका थिए ।

उनै बुढाले आइतबार दिउँसो हुलाकबाट चेक अनादरको जाहेरी फिर्ताको पत्र पठाएका र प्राप्त भएको दाङ प्रहरी प्रमुख एसपी अर्जुन तिमिल्सिनाले बताए ।

'सुरुमा आएको उजुरी र आज उजुरी फिर्ताको पत्र दुबै सक्कली हुन् होइनन् सनाखत गरेर मात्र यकिन गर्न सकिन्छ', एसपी तिमिल्सेनाले भने, 'उजुरीबारे सनाखत गर्न बोलाएको उहाँ आउनुभएन, हामी उहांलाई ल्याएर सनाखत गराउंछौं त्यसपछि सत्य के हो थाहा हुन्छ ।

चौधरीविरुद्ध जाहेरी आएपछि बुढामगरलाई प्रहरीले रकमको स्रोत उल्लेख गर्न पटक-पटक ताकेता गरेको थियो । तर उनी प्रहरी कार्यालय आएका छैनन् ।

चौधरीले बुढामगरलाई एभरेस्ट बैङ्कको खाताबाट २०८१ पुस २६ गते चेक हस्ताक्षर गरेर दिएका थिए । तर उक्त चेकमा चौधरीको हस्ताक्षर फरक परेको थियो ।

तीन पटकसम्म चेक नसाटिएपछि बुढामगरले बैंकिङ नियमअनुसार चेक बाउन्सको सात दिनको सूचना निकाल्न निवेदन दिएका थिए । पुख्र्यौली घर रोल्पा भए पनि हाल घोराहीमा बसेर निर्माण व्यवसाय गरिरहेका बुढामगरलाई सांसद चौधरीले भान्जा साइनो लगाउने गरेका छन् ।

## एसईईमा जीपीए ४ ल्याउनेलाई एक लाख पुरस्कार

*पुरस्कार प्राप्त गर्ने विद्यार्थीले नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गरेमा थप ५० हजार प्राप्त गर्नेछन् ।*




गुल्मी । गुल्मीको रेसुङ्गा नगरपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई आकर्षक नगद पुरस्कार दिने घोषणा गरेको छ ।

नगर प्रमुख खिलध्वज पन्थीले नगरपालिकाको १७औं नगर सभामा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरिएको वार्षिक नीति तथा कार्यक्रममा उक्त योजनाबारे जानकारी गराएका हुन् । नीति कार्यक्रम अनुसार, नगरभित्रका विद्यालयमा अध्ययन गरेर एसईईमा ग्रेड पोइन्ट औसत (जीपीए) ४.० प्राप्त गर्ने विद्यार्थीलाई "नगर प्रमुख शैक्षिक पुरस्कार" अन्तर्गत नगद १ लाख रुपैयाँ प्रदान गरिने नगर प्रमुख खिलध्वज पन्थीले बताए ।

यतिमात्र होइन, सो पुरस्कार प्राप्त गर्ने विद्यार्थीले नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गरेमा, कक्षा १२ को अन्त्यमा थप ५० हजार रुपैयाँ छात्रवृत्तिको रूपमा एकमुष्ठ प्राप्त गर्नेछन् ।

नगरपालिकाले यस कार्यक्रममार्फत विद्यार्थीलाई शैक्षिक उत्कृष्टताप्रति प्रेरित गर्ने तथा सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने उद्देश्य लिएको जनाएको छ । यो योजनाले विशेषगरी मेहेनती र लक्ष्यमा केन्द्रित विद्यार्थीलाई थप ऊर्जा दिने विश्वास नगर प्रमुख पन्थीले व्यक्त गरे ।

कपिलवस्तु नगरपालिकाको अनुरोध

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
- अध्याँरोमा नहिडौं । अति आवश्यक परे ट्र्च लाइट बालेर हिडौं ।
- खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
- बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
- किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामीझाँक्रीको अन्धविश्वासमा नपरौं ।

अनुरोधक :

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

## सम्पादकीय

# बेलबास–बेथरी सडक किन अलपत्र ?

बेलवास–बेथरी सडक निर्माणको काम सम्पन्ननहुँदा स्थानीयबासिन्दालाई सास्ती भएको छ ।बर्खामा हिलाम्मे र हिउँदमा धुलो उडेर सडकमा यात्रा गर्नलाई मात्रै नभई स्थानीय बासिन्दाको दैनिकअस्तव्यस्त भएको छ ।सडकमा असरल्ल छाडिएका निर्माण सामग्रीले पनि सडकमा यात्रा गर्न समस्या भएको छ ।

बेलबास–बेथरी सडकको नहरपुर–बेतहानी खण्ड निर्माणमा ढिलाई हुँदाको सास्ती स्थानीयबासिन्दाले भोगेका छन् । सडकनिर्माण शुरु भएको दशक पुग्न लाग्यो तर पूरा भएको छैन् ।बेलवास बेथरी सडक बेलैमा सक्दा पश्चिम रूपन्देहीकाबासिन्दालाई आवागमनगर्न सहज हुनेछ । बुटवलबाट लुम्बिनी जानका लागि छोटो मार्ग हुनेछ । बुटवलबाट भैरहवा हुँदै लुम्बिनी जानुपर्ने बाध्यता हट्ने छ । यो एक हिसाबले पर्यटकीय मार्ग हो । भैरहवा र लुम्बिनी आएका पर्यटक सिधैं पाल्पाको नुवाकोट जाने छरितो मार्ग पनि हो ।

बुटवल–बेलवास २१ किमि सडकदुई खण्डमा विभाजन गरेर निर्माण शुरु भएको थियो ।जसअन्तर्गत दोस्रो प्याकेजमा ८ किमी निर्माण गर्नेठेक्का बज्र गुरू कान्छाराम जेभीले लिएको थियो ।त्यो कम्पनीले निर्माण गर्ने जिम्मा लिएको खण्डमा विभिन्न पाँच ठाउँमा स–सानो काम अलपत्र हुँदा यात्रुहरुले कष्ट व्यहोर्नु परेको छ ।२०७३ सालमाठेक्का लगाउँदा तीन वर्षमा काम सक्ने ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो ।२०७६ मा सक्नुपर्ने कामका लागि ६ पटक म्याद थप भयो ।२०८१ चैतसम्म सम्पन्नगर्ने सीमा बढाइएको थियो । म्याद थपको समयपनि सकिएको छ । पटकपटक म्याद थप गर्ने र काम नहुने प्रवृति गलत छ ।

संघीय सरकारले शुरु गरेको यो सडक आयोजना प्रदेश सरकारलाई हस्तान्तरण भएको छ । लुम्बिनी प्रदेश सरकारले बजेट विनियोजनगर्न छाडेको छ । लुम्बिनी प्रदेश सरकारले संघले आयोजनाहस्तान्तरण गर्दा बजेट सहितनगर्दा समस्या भएको बताउँदै आएको छ ।आयोजनाहस्तान्तरण गर्ने तर बजेट नपठाएकाले प्रदेशलाई आयोजना सम्पन्नगर्न समस्या भएको उसको भनाई छ ।प्रदेशर संघीय सरकारले समन्वय गरी यो सडकलाई सम्पन्न गर्न ढिलाई गर्न हुन्न ।

# जितगढीको वास्तविक इतिहासलाई उल्टाएर देशभक्त भीमसेन थापा र उजिरसिंह थापाहरुको बदनाम गर्न खोज्नेहरु !





झपेन्द्र जिसी

> एसियाबाटै अंग्रेजलाई लेखट्नुपर्छ भन्ने महान् देशभक्त भीमसेन थापाको आह्वानलाई उग्रवादी ठान्नेहरुले भीमसेन थापा र उनका समर्थकका विरुद्धमा धेरै गुटबन्दी र षड्यन्त्र गर्न थाले । अंग्रेजहरुले भीमसेन थापाको विरुद्धमा नेपाल दरबारका भाइभारदारहरुलाई उचाल्ने पछार्ने काम गरे । यसैबेला राजकुमार देवेन्द्रको कालगतिले मृत्यु भयो ।

हाम्रो नेपाल वीर पुर्खाहरुले निर्माण गरेको देश हो ।

सांस्कृतिक रुपमा हाम्रो देश प्राचीन कालदेखि नै पूर्वमा सिक्किमदेखि पश्चिममा सतलज नदीपारिसम्म र उत्तर चीनको तिब्बतदेखि दखिनमा गंगा नदीसम्म फैलिए पनि इतिहासको कालखण्डमा नेपाल देशको सीमा फैलिने र खुम्चिने अवस्था रहिरहयो । यो भूभागलाई एकीकरण गर्न सिंजाका खश मल्ल राजाहरुले ठूलै प्रयास गरे । वि.सं. १४६१ सम्म खश साम्राज्य शक्तिशाली रहयो । खश साम्राज्यले काठमाडौं उपत्यकाका मल्ल राज्यहरुमाथि पटकपटक आक्रमण गरेको हुँदा खश भाषा संस्कृति पश्चिमबाट पूर्वतर्फ फैलिंदै गयो । तर पनि एकीकरण गर्ने प्रयास सफल भएन ।

राजा नरभुपालका छोरा पृथ्वीनारायण शाह वि.सं. १७९९ मा सानो गोरखा राज्यको राजा भएपछि राजा नरभुपाल शाहको सपनालाई साकार पार्न १८०१ देखि नुवाकोट जिती क्रमशः बोलकोटमा आक्रमण गरी गोरखा राज्यमा गाभ्ने काम भयो ।

यही गोरखा राज्यले वि.सं. १८२५ मा कान्तिपुर र क्रमशः भक्तपुर र ललितपुरलाई कब्जा गरी काठमाडौं (कान्तिपुर) बसन्तपुर दरबारमा आवासीय राजधानी बनाएको इतिहास छ । तदुपरान्त नै नेपाल देश विश्व मानचित्रमा उदय भएको हो र हाम्रो देशको नाम नेपाल मानिन थालेको हो ।

गोरखा राज्यको विस्तार गर्ने अभियानमा नेतृत्व पृथ्वीनारायण शाहले गरे पनि यस अभियानमा जिउ ज्यानको बाजी लगाएर लाग्ने नेपाली वीर योद्धाहरु धेरै थिए ।

ती मध्ये कालु पाँडे, वीरभद्र थापा आदिको नाम अग्रस्थानमा आउँछ भने अन्य थर घरका वीर योद्धाहरुको पनि योगदान अतुलनीय छ ।

यस सानो लेखमा बगाले थापाहरुमध्ये वीरभद्र थापाका सन्तति साना काजी अमरसिंह थापा, जर्नेल एवम् मुख्तियार भीमसेन थापा र जितगढी युद्धमा साम्राज्यवादी अंग्रेज शक्तिलाई परास्त गर्न नेतृत्व गर्ने कर्णेल उजिरसिंह थापाको र जितगढी किल्ला कसले बनाएको हो भन्ने विषयमा संक्षेपमा चर्चा गर्ने प्रयास रहेको छ ।

यो लेख अहिले लेख्नुको उद्देश्य के हो ?

प्रिय मित्रहरु, इतिहासविद्हरु, अध्येताहरु र जितगढी किल्लालाई माया गर्ने र तानसेनको रण उजेश्वरी मन्दिर र रणउजिरेश्वरी जात्राप्रति आस्था राख्ने जनसमुदाय !

तपाईं हामी सबैलाई थाहा छ वि.सं. १८७१/०७२ (सन् १८१४-१८१६) मा साम्राज्यवादी अंग्रेजसँग नुवाकोट, जितगढीमा भएको युद्धमा नेपालले विजय हासिल गरेको हो । प्रतिरक्षा युद्धको नेतृत्वकर्ता कर्णेल उजिरसिंह थापा हुनुहुन्थ्यो र युद्ध जितेपछि तानसेनमा भाद्र नवामीका दिन भगवती रथयात्रा हुन थालेको हो ।

तानसेनमा अमरनारायण मन्दिर, पाल्पा अमर नारायण गुठी रहेको हो । काजी पौवा, काजी धारा, थापाहरुसँग सम्बन्धित छन् । सन् १८१४-१६ को युद्धको कमाण्डर कर्णेल उजिर सिंह थापा थिए र उनकै अगुवाइमा झारा सेना (जन सहभागिता) बाट बुटवल जितगढी नुवाकोटमा युद्ध जितिएको हो । यो कुरा दिउँसोको घामझैं छर्लङ्ग छ ।

यति हुँदाहुँदै पनि आफूलाई धुरन्धर इतिहासविद् ठान्ने प्रेम सिंह बन्यास्त नामका एक व्यक्तिले जितगढी किल्ला राजा गिर्वाण युद्ध विक्रम शाहको पालामा निर्माण भएको होइन । जितगढी युद्ध सम्पन्न भएपछि उनका छोरा राजेन्द्र विक्रम शाहको पालामा गढी निर्माण भएको हो भनी तिथिमिति नखुलेको नक्कली पत्र फेसबुकमा राखेर आफूलाई अत्यन्तै धुरन्धर इतिहासविद् ठान्ने प्रेमसिंह बस्न्यातले भ्रम सिर्जना गरेको पाइयो । त्यही कुरालाई प्रष्ट पार्नका लागि यो लेख लेखिएको छ ।

यो कुरा प्रष्ट पार्न एआइलाई पनि प्रयोग गरिएको छ ।

ए-आइ समेतले लेख्छ/भन्छ जितगढी किल्ला सेनवंशीय पृष्ठ भूमिमा निर्माण भएको हो ।

यसको सैन्य प्रयोग कर्णेल उजिर सिंह थापाले १८७१/७२ युद्धमा प्रयोग गरेका थिए ।

नेपाल अंग्रेज युद्धका क्रममा कर्णेल उजिरसिंह थापाको नेतृत्वमा नेपाली सेनाले अंग्रेज सेनालाई जितगढी किल्लाबाट पराजित गरेको गौरवपूर्ण इतिहास छ । यो युद्ध तत्काल नुवाकोट बुटवलक्षेत्रको जंगलभित्र नै भएको थियो । त्यसैले ए-आइले जंगली युद्धमा वीरता प्रदर्शन गरेर अंग्रेज जनरल सुनिलमान उडलाई भाग्न बाध्य बनाइएको तथ्य छ भनी उल्लेख गरेको छ । सन् १८१४-१८१६ मा युद्ध हुँदा गिर्वाण युद्ध विक्रम नै सिंहासनमा थिए, किल्ला निर्माण युद्ध समाप्ति भएपछि भएको भन्ने कुरा यसरी पनि खण्डित हुन्छ । युद्ध समाप्ति पछि राजा राजेन्द्र विक्रम शाहको पालामा जितगढी किल्ला निर्माण भएको भन्ने प्रेम सिंह बस्न्यातको भनाइ ऐतिहासिक रुपमै असत्य देखिन्छ ।

नेपाल राष्ट्रको एकीकरणको प्रारम्भिक दिनदेखि नै दरबारिया भाइभारका चर्को गुटबन्दी रहेको देखिन्छ । प्रारम्भिक पृथ्वीनारायणको शासन कालसम्म गुटबन्दी सामान्य रहे पनि भूमि एकीकरणमा सबै लागेकै हुन् । यस क्रममा शाह, थापा, कुँवर, पाँडे, बस्नेत, मगर, खवास, देउजा आदि इत्यादि ।

तर जतिजति समयको पाँग्रो गुड्दै अघि बढ्यो भूमि एकीकरणतिर भन्दा पनि सत्ता स्वार्थको लागि गुटबन्दीकरण, चाकडी, चुकली, चापालुसीले चुचुरो छोयो । सात समुद्रपारिबाट भारतमा आई औपनिवेशिक शासन गरिरहेका अंग्रेजहरुले नेपालका भारदारहरुमा फुटपारी नेपाल देशलाई निल्दै तिब्बततिर दखल गर्ने कुत्सित चाहना बमोजिम नेपाली भारदारहरु बीच खेल्न थाले ।

एसियाबाटै अंग्रेजलाई लेखट्नुपर्छ भन्ने महान् देशभक्त भीमसेन थापाको आह्वानलाई उग्रवादी ठान्नेहरुले भीमसेन थापा र उनका समर्थकका विरुद्धमा धेरै गुटबन्दी र षड्यन्त्र गर्न थाले । अंग्रेजहरुले भीमसेन थापाको विरुद्धमा नेपाल दरबारका भाइभारदारहरुलाई उचाल्ने पछार्ने काम गरे ।

यसैबेला राजकुमार देवेन्द्रको कालगतिले मृत्यु भयो । राजकुमारलाई विष खुवाइ हत्या गर्ने काम भीमसेन थापाले नै गरेका हुन् भन्ने निराधार आरोप लगाई उनलाई गिरफ्तार गरी जेल हाल्ने काम भयो । साथै उनकी श्रीमतीलाई नांगै शहर परिक्रममा गराउने हल्ला फिजाइयो ।

भीमसेन थापाले आत्महत्या गरुन् भनेर खुकुरी समेत जेलभित्र राखियो । तर वीर देशभक्त भीमसेन थापा यति कमजोर थिएनन् आत्महत्या गरेर मरुन् । भीमसेन थापालाई जेलभित्रै हत्या गरियो ।

नेपाल देशको एकीकरण र संरक्षणमा अहं भूमिका खेलेका थापाहरुको उठिबास लाग्यो । भीमसेन थापाको अन्त्य भएको उनका विरोधीहरुले उत्सव मनाए भन्ने इतिहासमा उल्लेख छ ।

त्यसैको परिणाम स्वरुप बस्न्यात भारदार वंशीय सन्तति प्रेमसिंह बस्न्यातले जितगढी किल्ला १८७१/७२ को युद्धपछि राजा राजेन्द्र विक्रम शाहको पालामा निर्माण गर्न लगाएको हो भनी फेसबुकमा लेखेर चिहान खन्न थालेको देखिन्छ ।

तर यो उनी स्वयंलाई ठूलो भारी होला । यति मात्र होइन उनले त जितगढी किल्ला कसरी जितगढी हो ? किन जितगढी भयो भनी प्रश्न समेत उठाएका छन् ।

निचोडः

जितगढी किल्ला राजा राजेन्द्रको पालामा निर्माण भएको होइन । किल्ला निर्माण सेन वंशकालमै भई जितगढी युद्धकाल १८७१/७२ मा मर्मत सम्भार र आवश्यक संरचना पनि निर्माण भएको कुरामा विवाद गरे पनि प्रमाणित गर्न सक्ने छैनन् ।बुटवल गढी नामले निर्माण भएको गढी १८७१-१८७२ मा अंग्रेजलाई हराएपछि जितगढी भएको हो बस्नेतजी ! बुझे हुन्छ ।

सारतः

जितेपछि गढीको नाम जितगढी भयो ।वीरताको निशानी हो हाम्रो शान रहयो ॥

## टिप्स / जानकारी

# नयाँ अध्ययन: महिलामा क्यान्सर बढ्दै, पुरुषमा घट्दै

सन् २००२ देखि २०२१ सम्म ५० वर्षमुनिका महिलामा स्तन तथा थाइराइड क्यान्सरको दर बढेको पाइएको छ भने सोही उमेर समूहका पुरुषमा मेलेनोमा र प्रोस्टेट क्यान्सर घटेको एक अध्ययनले देखाएको छ । १९९२ मा पुरुषलाई महिलाभन्दा १.६ गुणा बढी क्यान्सर हुने सम्भावना थियो, तर सन् २०२१ सम्म आइपुग्दा यो अन्तर लगभग बराबर भएको अमेरिकन क्यान्सर सोसाइटीको बिहीबार सार्वजनिक प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदनअनुसार अमेरिकामा क्यान्सरको बोझ पुरुषबाट महिलातर्फ सर्दै गएको छ भने वृद्ध उमेर समुहभन्दा युवाहरुमा यसको प्रभाव बढ्दै गएको छ ।

पहिलोपटक ५० देखि ६४ वर्षका महिलामा क्यान्सरको दर पुरुषभन्दा बढी भएको पाइएको छ । साथै, सन् २०२१ मा ५० वर्षमुनिका महिलामा क्यान्सर हुने दर सोही उमेर समूहका पुरुषभन्दा ८२ प्रतिशत बढी थियो, जुन सन् २००२ मा ५१ प्रतिशत थियो । 'सारांशमा, अहिले हामी समग्र रूपमा क्यान्सरका घटना बढेको देखिरहेका छौं, विशेषगरी युवा उमेर समूह र महिलामा,' अमेरिकन क्यान्सर सोसाइटीका प्रमुख अधिकारी डा. अरिफ कमलले भने ।

उनका अनुसार, '१० वर्षअघि पुरुषमा महिलाभन्दा ५० प्रतिशत बढी क्यान्सर हुने सम्भावना थियो, तर आज यो लगभग बराबर भइसकेको छ । यसको मुख्य कारण पुरुषमा क्यान्सरको दर घट्नु र महिलामा बढ्नु हो । '

**फोक्सो क्यान्सरमा पनि महिलाको जोखिम बढ्दो**

सन् २०१२ देखि २०२१ को बीचमा फोक्सो क्यान्सरका घटनाहरू घटे तापनि महिलामा भने घट्ने क्रम सुस्त रहेको अध्ययनले देखाएको छ ।

यसको प्रमुख कारण महिलाहरू ढिलो धूम्रपान गर्न सुरु गर्ने र छोड्ने क्रम पनि ढिलो हुने भएको बताइएको छ । पहिलोपटक ६५ वर्षमुनिका महिलामा फोक्सो क्यान्सर हुने सम्भावना पुरुषभन्दा बढी देखिएको छ, अमेरिकन क्यान्सर सोसाइटीका प्रमुख वैज्ञानिक अधिकारी डा. विलियम डाहुटले जानकारी दिए ।

समग्र रूपमा सन् २०२४ मा क्यान्सरका २० लाख ४१ हजार ९१० नयाँ घटनाहरू हुने अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको तुलनामा थोरै वृद्धि हो ।

**क्यान्सरको मृत्युदर भने घट्दो**

हालैको प्रतिवेदनअनुसार, क्यान्सरबाट मृत्यु हुने दर सन् १९९१ देखि २०२२ सम्म ३४ प्रतिशतले घटेको छ । यसलाई प्रारम्भिक पहिचान, राम्रो उपचार विधिहरू र धुम्रपान कम हुनुले सहयोग पुर्योएको बताइएको छ । डा नील इयंगरका अनुसार, इम्युनोथेरापी (रोग प्रतिरोधात्मक प्रणालीमार्फत् उपचार), जेनेटिक सिक्युन्सिङ र नयाँ एन्टिबडी औषधिहरूले उपचार प्रक्रिया प्रभावकारी बनाएको छ ।

**महिलामा क्यान्सरको वृद्धिको कारण के हो ?**

विशेषज्ञहरूका अनुसार महिलामा क्यान्सर दर बढ्नुको पछाडि एउटै कारण औंल्याउन गाह्रो छ ।

तर, जीवनशैलीसँग जोडिएका कारकहरू जस्तै मदिरा सेवन, शारीरिक निष्क्रियता र अल्ट्रा-प्रोसेस्ड खानेकुराको उच्च सेवन मुख्य कारण हुन सक्छन् ।

'१० वर्षअघि हामी क्यान्सर वा त खराब जीनका कारण वा भाग्यको खेल ठान्थ्यौं । तर अहिले हामीलाई थाहा छ कि करिब ५० प्रतिशत क्यान्सर जीवनशैलीसँग सम्बन्धित छन्,' डा कमल भन्छन्, 'मोटोपनसँग सम्बन्धित १३ विभिन्न प्रकारका क्यान्सरहरू छन् । रक्सी सेवनसँग सम्बन्धित ७ विभिन्न प्रकारका क्यान्सरहरू छन् ।'

तौल वृद्धि (मोटोपन) अहिलेको क्यान्सरको प्रमुख जोखिम कारक भएको उनले बताए । अमेरिकन क्यान्सर सोसाइटीका अनुसार, मोटोपनले महिलामा पुरुषभन्दा झन्डै दोब्बर क्यान्सरका घटना निम्त्याउने गर्छ । विशेषगरी युवतीहरूमा पाठेघरको क्यान्सर बढिरहेको छ, जुन मोटोपनसँग प्रत्यक्ष सम्बन्धित छ ।

'पहिले ६०-७० वर्ष उमेरमा देखिने मोटोपनसम्बन्धी क्यान्सर अब ४०-५० वर्ष उमेरका मानिसमा बढ्दै गएको छ,' कमल भन्छन् । त्यस्तै, वातावरणमा रहेका कार्सिनोजेनिक (क्यान्सर उत्पन्न गर्ने) तत्वहरू, जस्तै रेडोन ग्यास र वायु प्रदूषण पनि सम्भावित कारण हुन सक्छन् ।

इयंगर भन्छन्, 'पर्यावरणीय जोखिम कारकहरू परिवर्तन हुँदै गएको देखिन्छ, जसको प्रभाव अब क्यान्सरको दरमा देखिन थालेको छ ।'

**रोकथाम सम्भव छ**

डाक्टरहरूले क्यान्सरको जोखिम कम गर्न जीवनशैली परिवर्तन महत्वपूर्ण हुने बताएका छन् ।

'जसरी हामी मुटुरोग, मधुमेह, र उच्च रक्तचाप कम गर्न स्वस्थ खानपान र व्यायामको महत्त्व बुझ्छौं, त्यस्तै व्यवहारहरू क्यान्सर कम गर्न पनि महत्वपूर्ण छन्,' डा. कमल भन्छन् ।

स्वास्थ्य खबरबाट

# कस्तो छ भरतपुरको नीति तथा कार्यक्रम ?

***भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिने उल्लेख छ। यस्तै बेरुजु नियन्त्रण र सम्परीक्षण अभियान चलाउने, महानगरका वडा सचिवसँग मासिक बैठक बस्ने र वडाहरुका गतिविधीसँग समवन्य गर्ने उल्लेख छ।***

चितवन। चितवनको भरतपुर महानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

आइतबार १७औं नगरसभाको समुद्घाटन समारोहमा नगर प्रमुख रेणु दाहालले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा भ्रष्टाचार र अनियमितता विरुद्ध शून्य सहनशीलताको नीतिलाई निरन्तरता दिने उल्लेख छ। यस्तै बेरुजु नियन्त्रण र सम्परीक्षण अभियान चलाउने, महानगरका वडा सचिवसँग मासिक बैठक बस्ने र वडाहरुका गतिविधीसँग समवन्य गर्ने, सुन्दर भरतपुर नगरीः घर-घरमा नगर प्रहरी कार्यक्रममार्फत राजस्व संकलन, बजार व्यवस्थापन, विपद् पछिको उद्धार तथा पार्किङ व्यवस्थापनमा नगर प्रहरी परिचालन गर्ने नीति महानगरको छ।भरतपुर महानगरपालिकाले आगामी वर्षका लागि ५ अर्ब १९ करोड ७१ लाख ६६ हजार रुपैयाँको बजेट ल्याएको छ।

यसको लागि आयतर्फ आन्तरिक आय १ अर्ब ८० करोड (घरजग्गा रजिस्ट्रेसन एवं खानी तथा खनिजजन्य पदार्थको बाँडफाँटबाट प्राप्त समेत), अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट २ अर्ब १५ करोड ७६ लाख २५ हजार, संघ राजस्व बाँडफाँटबाट ३१ करोड ९१ लाख तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँटबाट १४ करोड ४ लाख ४१ हजार गरी जम्मा ४५ करोड ९५ लाख ४१ हजार, जनसहभागिता/श्रमदानबाट ५ करोड बैंक मौज्दात ७० करोड, सडक बोर्ड नेपालबाट ३ करोड रहने महानगरको प्रक्षेपण छ।

त्यस्तै सामाजिक सुरक्षालगायत अन्तर्सरकारी अख्तियारी शीर्षकमा अनुमानित १ अर्ब ३५ करोड रहने प्रक्षेपण छ। यसलाई अन्तर्सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखांकन साथै प्रतिवेदनमा प्रबन्ध गरिने महानगरले जनाएको छ।

नीति तथा कार्यक्रममा सार्वजनिक तथा निजी भवनहरूमा हरित छत बनाउने विषय समेटिएको छ।

छतमा जस्ता पाता लगाउने कार्यलाई निरुत्साहित गर्दै लैजाने नीति अनुरूप हरित छत बनाउने नीति महानगरले लिएको नगर प्रमुख रेनु दाहालले बताइन्।

महानगरपालिकाले मापदण्ड पुगेका सडक दायाँबायाँ वृक्षारोपण र नगरवासीलाई बहुवर्षीय एवम् फलफूलका विरुवा निःशुल्क वितरण गर्ने र भरतपुरलाई हरियाली तथा फलफूलको शहरका रूपमा विकास गर्ने नीति लिइएको छ।

पछिल्लो समयमा विकासका नाममा वर्षौं पुराना वरपिपलका चौताराहरू नाश हुने क्रम तीव्र बनेको बेला भरतपुर महानगरपालिकाले वरपिपलका चौताराहरू बनाउने र रोप्ने अभियान चलाउने जनाएको छ।

महानगर भित्रका सार्वजनिक जग्गा तथा स्थानमा यस्ता कार्यलाई निरन्तरता दिँदै जाने महानगरले जनाएको छ। स्थानीय टोल विकास संस्थाहरूमार्फत वरपिपलका चौताराहरू बनाउने र संरक्षण गर्ने कार्यलाई अगाडि बढाउने नीति महानगरको छ।महानगरले एकीकृत सहरी विकास गुरुयोजना बमोजिम सवल पूर्वाधारमा आधारित पूँजी निर्माणको नीति लिएको महानगरले "दीगो पूर्वाधार, समृद्धिको आधार" भन्ने नारा तय गरेको छ।

मुख्य सहरी क्षेत्रमा ढलसहितको कालोपत्रे सडक निर्माण गर्ने, संघीय सरकारसँगको सहलगानीमा महानगरभित्रका वडा नं. २९ कविलास, रामनगर, नारायणगढ र भरतपुर बजार क्षेत्रलाई समेट्ने गरी एकीकृत सहरी खानेपानी तथा ढल व्यवस्थापन आयोजना आव २०८२/८३ बाट कार्यान्वयन प्रारम्भ गर्ने महानगरले जनाएको छ।

नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा निर्माणधीन पहिलो र दोस्रो चरणको स्मार्ट सडक बत्ती, हाई मास्ट एवम् मिनी मास्ट बत्ती जडान र विस्तारको साथै मुख्य बजार क्षेत्रमा बिजुलीका तारहरूलाई भूमिगत प्रणालीमा लैजाने कामलाई आगामी आर्थिक वर्षभित्र सम्पन्न गरेर उज्यालो भरतपुरको नारालाई सफल बनाउने लक्ष्य महानगरको छ।

महानगरपालिकाभित्रका खोला तथा नाला संरक्षण अभियानलाई तीव्रता दिई केरूङ्गा घोल, पुङ्गी खोला, पोखरी, ताल, सिमसार क्षेत्रहरूको संरक्षण गरी आकर्षक पर्यटकीय करिडोरका रूपमा विकास गर्ने, नारायणी नदी किनारमा निर्मित सी बीच मोडेलसहितको मनोरञ्जन पार्कलाई गुरूयोजना बमोजिम सञ्चालन गर्ने, महानगरभित्रका नगर गौरवका आयोजनाहरूलाई सार्वजनिक-निजी-साझेदारी विधिबाट सञ्चालन गर्ने नीतिअनुरुप लायन्स चोकमा महानगरीय व्यावसायिक भवन यसै आवमा निर्माण सुरु गर्ने नीति तथा कार्यक्रममा छ।

संघ तथा प्रदेश सरकारको साझेदारीमा महानगरपालिकाभित्र निर्माणाधीन देशकै बृहत् महानगरीय चक्रपथ र लिङ्करोडको बाँकी खण्डमा निर्माण कार्य अगाडि बढाउने, निर्माणाधीन अन्तर्राष्ट्रिय स्तरको सिटीहल, रानीपोखरी पार्क, लक्ष्मी नारायण मन्दिर तथा पार्कलगायतका आयोजनाहरू निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने उल्लेख छ।

सिँचाइ, खानेपानी, सामुदायिक भवन, सतह ढल, सडक ढलान लगायतका योजनाहरूमा कम्तीमा १० प्रतिशत जनसहभागिता अनिवार्य गर्ने र जनसहभागिता नजुट्ने योजनाहरू; विद्यालयका भौतिक संरचनाहरू, कलभर्ट तथा सडक कालोपत्रे गर्ने कार्यलाई अनिवार्य बोलपत्रको माध्यमबाट कार्यान्वयनमा लैजाने नीति महानगरले लिएको छ।

महानगरपालिभित्र बन्दै गरेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला संघ, प्रदेश र महानगरको साझेदारीमा निर्माण कार्यलाई तीव्रता दिई आव २०८२/८३ मा सम्पन्न गर्ने, रंगशाला सञ्चालनका लागि कार्यविधि एवं संयन्त्र निर्माण गर्ने तथा संघ र प्रदेश सरकारको साझेदारीमा निर्माणधीन महानगरको मुख्य प्रशासनिक भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

महानगरपालिकाभित्र रहेका सरकारी कार्यालयहरूको भवन तथा संरचना निर्माण गर्दा नक्सा पासलाई अनिवार्य गर्ने तथा पुराना सरकारी संरचनाहरूको अभिलेख राखी राजस्वको दायरामा ल्याइने नीति महानगरले ल्याएको छ।

भरतपुर विमानस्थलको आधुनिक टर्मिनल भवन निर्माणको कामलाई गति दिन महानगरपालिकाले आवश्यक पहल र समन्वय गर्ने र विमानस्थल विस्तारको कार्य आव २०८२/८३ बाटै सुरूवात गर्न सम्बन्धित पक्षसँग लबिङ गर्ने महानगरले जनाएको छ।

सुरक्षा निगरानी र ट्राफिक व्यवस्थापनका लागि सीसीटीभी जडान र स्मार्ट ट्राफिक व्यवस्थापन प्रणाली लागु गर्ने, जीआईएसमा आधारित घर नम्बर प्रणाली तयार गर्न बोलपत्र आह्वान समेत भइसकेको अवस्थामा घर नम्बर प्लेट जडान गर्ने कार्य सम्पन्न गर्ने महानगरले जनाएको छ।

देवघाटमा निर्माणाधीन विद्युतीय शव दाहगृह निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन आवश्यक कार्यविधि निर्माण गरिने छ। यसैगरी अन्य घाटहरूमा पनि प्राथमिकताको आधारमा शवदाह संस्कारका लागि पूर्वाधारका कार्य अगाडि बढाइने छ।

भरतपुर महानगरपालिका वडा नं २८ को गोलाघाट क्षेत्रमा विभिन्न जातजातिको कला-संस्कृति, भेषभूषा झल्कने सांस्कृतिक ग्राम निर्माण गरी विशेष पर्यटकीय आकर्षण क्षेत्रको रूपमा विकास गर्ने, देवनगर वन्यजन्तु उद्धार केन्द्र, राईनो चिल्ड्रेन पार्क, लक्ष्मीनारायण मन्दिर, प्रज्ञा स्मृति पार्क, रानिपोखरी, जोरकुसुम पार्क, देविस्थान पार्क लगायतलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा प्रवर्धन गर्ने नीति तथा कार्यक्रममा समेटिएको छ।

महानगर क्षेत्रमा सञ्चालन हुने म्याजिक, ३ पाङ्गे सवारीसाधनलाई अभिलेखीकरण तथा रुट इजाजत दिने कार्यलाई थप व्यवस्थित गर्ने, एक वडा एक सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिने नीति महानगरले लिएको छ।

तीन वर्ष उमेर पुगेका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षामा पहुँच पुऱ्याउने नीति लिएको महानगरले "व्यवहारिक शुक्रबार" कार्यक्रमलाईलाई विद्यालयहरुमा सञ्चालन गर्न अनिवार्य गरिनुका साथै मन्टेसरी, पूर्व प्राथमिक विद्यालय र संस्थागत विद्यालयहरूको शुल्क निर्धारणलाई पारदर्शी बनाउदै संस्थागत विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत, व्यवस्थित र पारदर्शी बनाउने जनाइएको छ।

महानगरपालिकाको नीति तथा कार्यक्रम सामुदायिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने र न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरूको सिकाइस्तर सुधारको लागि उच्च सिकाइ उपलब्धि भएका सामुदायिक विद्यालयहरूसँग शैक्षणिक क्रियाकलापमा साझेदारी गराउने विषयलाई समेटिएको छ।

महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई भरतपुर अस्पतालबाट प्रदान गरिँदै आएको निःशुल्क ओपीडी टिकट अनुदानलाई निरन्तरता दिने, सरकारी वर्थिङ सेन्टरमा सुत्केरी हुने महिलालाई पोषण सहयोगको कार्यक्रमलाई यथावात राख्ने नीति महानगरको छ।

भरतपुर महानगरभित्र स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्मिने छोरीहरूका लागि बाल उमङ्ग जीवन बीमा कार्यक्रमलाई निरन्तरता दिने नीति लिएको महानगरले जनआन्दोलन तथा सबै प्रकारका आन्दोलनमा शहीद भएका तथा बेपत्ता पारिएका परिवारका लागि प्रदान गर्दै आएको मासिक दुई हजार जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता भत्ता १ हजार वृद्धि गरी ३ हजार बनाएको छ। जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्दै भूमि बैंक नीति लागु गर्ने, कृषक सूचिकरण कार्यक्रमलाई निरन्तरता दिँदै महानगरका सबै वडामा किसान सूचीकरण गरी परिचय-पत्र वितरण आगामी आवभित्र गरिसक्ने महानगरले जनाएको छ।

विगतको राजस्व वृद्धिदर एवं राजस्व सम्भावनाको आधारमा वडागत लक्ष्य तोकेर राजस्व उठाउने नीति महानगरले लिएको छ।

प्रचलित कानुन बमोजिम सामुदायिक वन समूहहरूले प्राप्त गर्ने आयको १० प्रतिशत रकम महानगरपालिकाको स्थानीय राजस्वमा दाखिला गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने जनाउँदै महानगर प्रमुख रेनु दाहालले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा स्थानीय राजस्व नबुझाउने वन समूहहरूलाई नवीकरणका लागि सिफारिस नदिने जनाइएको छ।

भुक्तानीमा हुने ढिलासुस्ती र पूँजीगत खर्चलाई बढाउन महानगरले योजनाहरूको कार्यान्वयन आर्थिक वर्षको सुरुवातबाटै गरी फागुन मसान्तभित्र सबै सम्झौता सम्पन्न गर्ने र जेठ मसान्तसम्म फरफारक गरिसक्ने व्यवस्था मिलाइने नीति लिएको छ।

# सुस्ताको नीति तथा कार्यक्रममा के छ ?

सुस्ता (नवलपरासी) । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकाको कार्यालयले आर्थिक बर्ष ०८२/०८३ को निति तथा कार्यक्रम आज आईतबारको दिन प्रस्तुत गरेको छ।

सुस्ता गाउँपालिका का अध्यक्ष टेक नारायण उपाध्यायको अध्यक्षयतामा भएको सुस्ता गाउँपालिकाको १७ औं गाउँ सभाको अवसरमा सुस्ता गाउँपालिका का अध्यक्ष टेक नारायण उपाध्यायले आर्थिक बर्ष ०८२/०८३ को निति तथा कार्यक्रम प्रस्तुत गर्दै स्वास्थ्य,शिक्षा,खानेपानी तथा सरसफाइ जस्ता आधारभुत सेवामा सबैको समतामूलक पहुँच,कृषिको उत्पादन र उत्पादकत्वमा अभिबृद्दी,बजारको सर्वसुलभ पहुँच,बिकास,रोजगारी तथा स्वरोजगारीका अवसरको सिर्जना,मानव पुजीको निर्माण,आय असमानता तथा गरिबी न्यूनीकरण,दिगो विकास र पर्यावरणीय सन्तुलन तथा वातावरण संरक्षण,आन्तरिक पर्यटन प्रवर्द्धन,परम्परागत सास्कृतिक सम्पदाको संरक्षण र गुणस्तरीय र प्रबिधिमैत्री सार्बजनिक सेवा,संघीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई प्राथमिकता राख्दै पालिकाले निति तथा कार्यक्रम ल्याएको हो ।

गाउँपालिका का अध्यक्ष टेक नारायण उपाध्यायले प्रस्तुत गरेको आर्थिक बर्ष ०८२/०८३ को निति तथा कार्यक्रममा शिक्षा तर्फ बिद्यालयमा बढाऔं र बिद्यालयमा नै पढाऔं कार्यक्रम,स्वस्थ मष्तिष्क,स्वस्थ ज्यान,योग संगै शिक्षामा ध्यान,सुस्तालाई चिनौ र चिनाउ अन्तर्गत कक्षा ५ रकक्षा ८ को परिक्षालाई थप व्यवस्थित बनाउदै संचालन गर्ने र कक्षा ५,८ र १० को परिक्षाका आधारमा बार्षिक रुपमा सर्वोत्कृष्ट हुने बिधार्थी,उत्कृष्ट औषत सिकाई उपलब्धि हासिल गर्ने शिक्षकलाई प्रोत्साहन गर्न सम्मानित तथा पुरस्कृत गरिने,एक बिद्यालय,एक योग शिक्षा कार्यक्रम लागू गर्ने,खेलकुद तर्फ खेलकुद संगै जीवन हिडाउछु ,पालिकालाई देशभर चिनाउछु भन्ने नारा सहित पालिकामा सम्भाव्य खेलाडी प्रोत्साहन,खेलाडी विकास खेलाडी सम्मान कार्यक्रम लागू हुने,युवा रोजगार कार्यक्रम,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता,छोरी सुनौलो भविष्य कार्यक्रम,उपाध्यक्ष संग सुत्केरी भेटघाट कार्यक्रम,जनतासंग जनप्रतिनिधि कार्यक्रम,एक घर एक धारा,हाम्रो गाउँ,सफा गाउँ,दुधमा आत्मनिर्भर,निर्यातमा प्रवर्द्धन,बिकास तर्फ सुस्ता नमुना ताल,अध्यक्ष नमुना सडक,मदरबाबा व्यवस्थापन,अनुमा घाट ब्यवस्थापन जस्ता कार्यक्रम लागू गर्ने,भ्र ष्टाचारमा शून्य सहनशीलता,सेवाको वरिपरि जनता नभइ जनताको वरिपरि सेवा र घर घरमा स्थानीय सरकार लगायतका बिषयलाई प्राथमिकता राखी निति तथा कार्यक्रम लागू गर्ने पालिकाले जनाएको छ।

त्यसैगरी सुस्तामा बनेको नेपालको सबैभन्दा लामो झुलेङ्गे पुललाई एउटा पर्यटन क्षेत्रको हव बनाई प्रचारप्रसारमा जोड दिदै अगाडि बढाउने,नेपाल पत्रकार महासघंसंग पालिकाले सहकार्य गरि पत्रकारहरुको क्षमता बिकासका कार्यहरु अगाडी बढाउने निति लिएको छ।

# स्याङ्जालाई गण्डकी प्रदेशले २६ करोड दिने




**प्रकाश डोटेल**

*स्याङ्जा।*

गण्डकी प्रदेश सरकारले स्याङ्जाका ११ स्थानीय तहलाई २६ करोड बढि रकम दिने भएको छ। आर्थिक वर्ष २०८२/०८३ को बजेट मार्फत अन्तरसरकारी वित्तीय हस्तान्तरण अर्न्तगत प्रदेश सरकारले जिल्लालाई २६ करोड १२ लाख ४७ लाख दिने भएको हो।

जिल्लाका ११ पालिका मध्ये ५ नगरपालिकाले विभिन्न शिर्षकमा १३ करोड ९३ लाख ९६ हजार अनुदान पाउँदा ६ गाउँपालिकाले १२ करोड १८ लाख ५१ हजार पाउने भएका हुन्। गण्डकी प्रदेश सरकारको वित्तीय हस्तान्तरणमा नगरपालिका तर्फ चापाकोट र गाउँपालिका तर्फ सबै भन्दा बढि अनुदान पाउनेमा कालीगण्डकी रहेका छन्।

गण्डकी प्रदेशले दिने अनुदानमा नगपालिका मध्ये चापाकोटले ३ करोड ७ लाख १३ हजार पाउँदा वालिङले ३ करोड ३ लाख ३४ हजार पाउने छ। पुतलीबजारले २ करोड ८५ लाख ६१ हजार पाउँदा गल्याङ्ले २ करोड ६७ लाख ९४ हजार र भीरकोटले २ करोड २९ लाख ९४ हजार अनुदान पाउने भएका छन्।

त्यसैगरी गाउँपालिका मध्ये कालिगण्डकीले २ करोड १९ लाख ८८ हजार पाउँदा बिरुवाले २ करोड ८ लाख ७० हजार पाउने छ, भने हरिनाशले २ करोड २ लाख १९ हजार पाउने भएका छन्। आँधीखोलाले २ करोड १ लाख ३४ हजार पाउँदा अर्जुनचौपारीले १ करोड ९७ लाख ८९ हजार पाउने छ, भने फेदीखोलाले १ करोक ८८ लाख ५१ हजार अनुदान पाउने भएका हुन्।

अनुदान रकम धेरैथोरै जति पाएपनि कार्यसम्पादनका आधारमा जिल्लाका ११ स्थानीय पालिका मध्ये नगरपालिका तर्फ बढि अनुदान वालिङले ६ लाख ३० हजार पाउँदा कम चापाकोटले पाउने छ भने गाउँपालिका तर्फ कालिगण्डकीले ६ लाख ६८ हजार पाउँदा कम अनुदान पाउनेमा हरिनाशले ४ लाख ६३ हजार पाउने भएको प्रदेश सरकारको वित्तीय हस्तान्तरणमा उल्लेख छ।

कार्यसम्पादनमा बढि र कम रकम पाउने पालिकाको तुलनात्मक रुपमा वित्तीय अवस्था राम्रो र सामान्य मानिने जानकार बताउँछन् । वित्तीय हस्तान्तरण तर्फ समानीकरण (न्यूनतम, सुत्र र कार्यम्पादन), सशर्त, विशेष र समपुरक शिर्षकमा पालिकाहरुले संघीय र प्रदेश सरकारबाट अनुदान पाउने गरेका छन्।

# पाणिनीमा कृषि, शिक्षा र पर्यटन प्राथमिकतामा




**अविजित पन्थी**

*अर्घाखाँची*

पाणिनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि सार्वजनिक गरेको छ।पालिका अध्यक्ष टेकराज न्यौपाने द्वारा सार्वजनिक गरिएको नीति तथा कार्यक्रमले स्थानीय शासनमा अनुशासन, पारदर्शिता र सशक्त नेतृत्वको नयाँ उदाहरण प्रस्तुत गरेको छ। विगत आर्थिक वर्षको लेखापरीक्षणमा मात्र ०.११ प्रतिशत बेरुजु आएको गाउँपालिकाले वित्तीय अनुशासनमा लुम्बिनी प्रदेशमै पहिलो र नेपाल भरिका स्थानिय तहमा छैठौं उत्कृष्टता प्रदर्शन गरेको थियो भने संस्थागत क्षमता मूल्यांकनमा ८२.५ अंकसहित प्रदेशकै अग्रस्थानमा उभिएको थियो ।यसले नयाँ नीति तथा कार्यक्रम कार्यान्वयनमा विश्वासिलो वातावरण सिर्जना गरेको देखिन्छ।

संस्कृत व्याकरणका पिता पाणिनी ऋषिको पहिचानलाई निरन्तरता दिँदै संस्कृत भाषा, संस्कार र सांस्कृतिक पर्यटनको प्रवर्द्धन गरिने नीति कार्यक्रममा समावेश गरिएको छ। संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय र प्रदेश सरकारका नीति तथा दिगो विकास लक्ष्यहरूलाई मार्गदर्शन मानेर तयार गरिएको यस योजनाले स्थानीय विकासको दीर्घकालीन आधार सुनिश्चित गर्ने विश्वास गरिएको छ। गाउँपालिकाले "पाणिनी र दुर्वासा ऋषिको पहिचान, समृद्ध पाणिनी हाम्रो अभियान" भन्ने मूल नाराका साथ नीति तथा कार्यक्रम अघि सारेको छ।

कृषि र पशुपालनमा आधुनिकीकरण र आत्मनिर्भरताका साथ गाउँपालिकाले "युवाको सीप, पाणिनीको जीत" भन्ने नाराका साथ कृषि आधुनिकीकरण अभियान सञ्चालन गर्ने भएको छ। संघीय सरकार र गाउँपालिका को साझेदारीमा एक गाउँ, एक कृषि/ पशु सेवा प्राविधिक कार्यक्रम लागू गर्ने बताएको छ। त्यस्तै बाँझो जमिनमा कृषकको जोत, समृद्ध गाउँको दिगो स्रोत" भन्ने सोचका साथ दाँजो खेतीयोग्य जग्गा स्थापना गर्ने कार्यक्रममा उल्लेख गरिएको छ। डोर टु डोर कृषि भिजिट कार्यक्रम, जैविक खेती, खोरेत रोगमुक्त अभियान, गोठ सुधार, दुग्ध उत्पादन अभिवृद्धि, तथा जंगली जनावर नियन्त्रण टोली गठनजस्ता कार्यक्रमहरूलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिइएको छ।

शिक्षामा गुणस्तर, नवप्रवर्तन र सीप विकासमा जोड दिँदै पालिकाले "जहाँ विद्यार्थी, त्यहाँ विद्यालय" भन्ने मान्यता अनुसरण गर्दै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने र "थोरै विद्यालय, राम्रा विद्यालय" भन्ने नीतिहरू अवलम्बन गर्ने भएको छ।

विद्यार्थी मूल्याङ्कन अभिलेख योजना, शिक्षकको दैनिक पाठ्य योजना, प्रतिभाको खोज, चिनारी तथा प्रचारप्रसार कार्यक्रम समावेश गरिएका छन्। सूचना प्रविधिमा आधारित शिक्षालाई बल दिँदै कक्षाकोठामा डिजिटल स्मार्ट बोर्ड जडान गर्ने पालिकाको नीति तथा कार्यक्रममा समावेश गरिएको छ। त्यस्तै 'सिकाइ र सीपसहितको शिक्षा' अभियान अन्तर्गत स्थानीय पाठ्यक्रम विकास गर्ने जसमा संस्कृत व्याकरण र ऋषिपरम्परा पनि समावेश गर्ने ,न्भयन्भदचब, :बतजभ्कबतष्अब जस्ता प्रविधि सफ्टवेयर प्रयोग गर्ने भएको छ। विद्यालयमा जाउँ-जाउँ भन्ने भावनाको विकास र पहुँच अभिवृद्धिमा पनि विशेष ध्यान दिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

स्वास्थ्य क्षेत्रमा २२ वटा कार्यक्रममार्फत जनतालाई सुलभ, गुणस्तरीय र समावेशी सेवा दिने नीति लिइएको छ। १५ शय्याको आधारभूत अस्पताल, ग्रामिण अल्ट्रासाउन्ड सेवा, र बायोमेट्रिक प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण तथा 'असाहय स्वास्थ्य उपचार सहायता कोष' स्थापना गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। । 'जीवनशैली तथा भान्सा सुधार - निरोगी जीवनको आधार' भन्ने नारासाथ स्वस्थ जीवनशैलीका लागि चेतनामूलक कार्यक्रमहरू अघि सार्ने भएको छ।

गाउँपालिकाले "एक वडा, एक पर्यटन गन्तव्य" भन्ने नारासँगै स्थानीय गन्तव्यको संरक्षण र पूर्वाधार विकासमा जोड दिएको छ। "पाहुनाको सत्कार, सरसफाई र सेवा हाम्रो संस्कार" भन्ने नाराका साथ होमस्टे, पर्यटन पूर्वाधार र सम्पर्क मार्ग निर्माण गर्ने नीति तथा कार्यक्रममा मार्फत बताइएको छ। पाणिनी तपोभूमि, दुर्वासेश्वर गुफा, सिद्धेश्वर गुफा, कालीकाठी, विभिन्न मठ मन्दिरहरू ,मस्जिद , गुम्बा, देवीस्थानहरू जस्ता स्थलहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने भएको छ।

"पाणिनी गाउँपालिकाको आधार – लघु उद्यममार्फत रोजगार" भन्ने नाराको कार्यान्वयनसहित रोजगारी कार्यक्रम अघि सार्ने भएको छ। १०० दिन रोजगारी कार्यक्रम, वैदेशिक रोजगारबाट फर्केकाहरूको पुनःस्थापना, तथा स्वरोजगार सीप तालिम लगायतका कार्यक्रम समावेश छन्। रोजगार संवाद मञ्च स्थापनासँगै रोजगार सेवा केन्द्रको स्थापना गर्ने कार्यक्रममा उल्लेख गरिएको छ। स्थानीय उत्पादन प्रवर्द्धन, बजार सुनिश्चितता, र सीपयुक्त जनशक्ति परिचालनमा ध्यान ध्यान दिने भएको छ।

पूर्वाधार विकास र विपद् व्यवस्थापनमा सशक्त नीति अवलम्बन गर्दै गाउँपालिकाले

पूर्वाधार विकासका क्रियाकलापहरू सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रबिन्दुमा राखी कार्यान्वयन गर्न सगाउ पुग्ने गरी डिजाइन तथा इस्टमेट गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएको छ। आपत्कालीन सवारी व्यवस्थापनका लागि एबलष्लष च्यबम म्ष्कबकतभच च्भकउयलकभ क्थकतभ्क प्रणाली विकास गरी कार्यविधि बनाई वेब तथा मोबाइल एपमार्फत नागरिकसम्म जोड्ने र एक विपद् प्रतिकार्य टास्कफोर्स गठन गरी विपद् जोखिम न्यूनीकरणमा सशक्त कदम चाल्ने भएको छ। "फोहोर छुट्याऔं, स्रोत बचाऔं, हरियो गाउँ बनाऔं" भन्ने का साथ घरबाट निस्कने फोहोरलाई वर्गीकरण गरी उत्पादन उपयोगी बनाउने फोहोरलाई मोहोर बनाउने र सफा पालिका बनाउने नीतिहरू अवलम्बन गर्ने भएको छ।

गाउँपालिकाले स्मार्ट पालिका अवधारणालाई आत्मसात गर्दै सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने नीति अघि सारेको छ। "जनतासँग रेडियो तथा टेलिभिजन कार्यक्रम" सञ्चालन सञ्चालन गर्ने भएको छ।

भूमिहीनलाई कानुनबमोजिम जग्गाधनी प्रमाण-पुर्जा वितरण गर्ने भएको छ।

अपांगता भएका व्यक्तिलाई घरदैलो सेवा, सहायक उपकरण तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट तथा असहाय, अपांगता भएकालाई घरमै सेवा पुऱ्याउने व्यवस्था गर्ने भएको छ।

गाउँपालिकाले "शून्य बेरुजुको नीति" अवलम्बन गर्दै लेखापरीक्षण प्रणाली थप सुधार गर्ने बताएको छ। कर प्रणाली पारदर्शी, कर शिक्षा विस्तार, र "हामीले तिरेको कर, समृद्ध पाणिनी आधार" नारासँगै साप्ताहिक घुम्ती कर संकलन अभियान सञ्चालन गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

पाणिनी गाउँपालिकाले सार्वजनिक गरेको नीति तथा कार्यक्रम बहुआयामिक, समावेशी, नवप्रवर्तनशील र नागरिकमैत्री रहेको छ। यसले स्थानीय आवश्यकता, दिगो विकासको अवधारणा र आधुनिक प्रशासनिक मूल्यहरूलाई सन्तुलित रूपमा समेटेको छ। संस्थागत क्षमता, वित्तीय अनुशासन, सांस्कृतिक चेतना र प्रविधि उपयोगको सशक्त उदाहरणका रूपमा यो कार्यक्रम स्थानीय सरकारको नमुना दस्तावेज पनि बन्ने अपेक्षा गरिएको छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# प्रतापपुरको बजेट ७६ करोड ३९ लाख




परासी । पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिकाले १८ औं गाउँसभा सम्पन्न गरेको छ । आज पालिकाको सभाहलमा गाउँपालिकाले निती कार्यक्रम तथा बजेट पारित गदै १८ औं गाउँसभा सम्पन्न गरेको हो ।

गाउँसभामा निती तथा कार्यक्रम प्रस्तुत गदै पालिका अध्यक्ष उमेशचन्द्र यादवले कृषि स्वास्थ्य शिक्षा खानेपानीमा बिशेष प्रथामिकता दिएको बताए । शिक्षा तर्फ माध्यमिक बिद्यलायमा प्राविधिक धारको शिक्षा संचालन गर्ने अध्यक्ष शैक्षिक बेरोजगार कार्र्यक्रम जेहेन्दार गरिब दलित छात्राछात्रहरुलाई छात्रबृत्ति प्रोत्साहन गर्ने प्राबिधिक शिक्षालाई जोड दिएको बताए ।

स्वास्थ्य क्षेत्रमा स्वास्थ्य क्षेत्र अवस्था सुधार गर्न एक गाउँ एक स्वास्थ्यकर्मी कार्यक्रम संचालन उपाध्यक्ष कोसेली बितरण तथा सुरक्षा निकायसंग समन्वय गरी सुरक्षित प्रतापपुर कार्यक्रम ल्याएको जानकारी दिए ।

बाल बिवाह नियन्त्रण गर्नका लागि उमेर पुगेका छोरीको विवाह हुदाँ सहुलियत स्वरुप आर्थिक सहयोग प्रदान गर्ने र कृषि क्षेत्रमा किसानलाई बिद्युत मिटर जडान देखी लाग्ने खर्च पालिकाले व्यहोने केरा जोन रुपमा बिकास गर्ने उद्योगतर्फ पाँच लाख भन्दा बढी लागनीमा उद्योग स्थपना गर्ने उद्योगीहरुलाई ५ बर्ष बराबराको प्रतापपुरमा लाग्ने सम्पूर्ण कर छुट दिने अध्यक्ष यादवले निती तथा कार्यक्रम ल्याएका छन । मिसन रोजगारी दिगो रोजगारी र उद्यामशिलता प्रबर्द्धन अभियान संचालन गर्ने प्रत्येक वडामा एक खेलमैदान बनाउने र गाउँपालिका स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गर्ने यादवले बताए ।

आर्थिक बर्ष २०८२।८०३को बजेट प्रस्तुत गदै पालिकाकी उपाध्यक्ष मानकुमारी चौधरीले अगामी आर्थिक बर्ष ७६ करोड ३९ लाख ६७ हजार प्रस्तुत गरेकी थिइन ।

उनको अनुसार कुल बिनियोज मध्ये चालुतर्फ ५२ करोड ५० लाख २२ हजार अर्थात ६८.७२ प्रतिशत र पुँजिगत खर्च तर्फ २३ करोड ८९ लाख ४५ हजार अर्थात कुल बिनियोजनको ३१.२८ प्रतिशत रहेको उपाध्यक्ष चौधरीले जानकारी दिईन ।

पालिकाको आन्तरिक आय ३ करोड रहेको गाउँपालिकाले जानएको छ । यसैबिच सरावल गाउँपालिका र सुस्ता गाउँपालिकाले निती तथा कार्यक्रम ल्याएका छन ।

# एसीसी यु-१६ इस्ट जोन कपमा नेपाल विजयी



बुटवल । मलेसियामा सुरु भएको एसीसी यु-१६ इस्ट जोन कपअन्तरगत आफ्नो पहिलो खेलमा नेपालले सिंगापुरलाई हराएको छ । सिंगापुरले दिएको १३९ रनको मामूली लक्ष्य नेपालले ६ विकेट र .१६.३ ओभर बाँकी छँदा भेट्टायो ।

नेपाललाई लक्ष्यसम्म पुऱ्याउँदै ओपनर प्रसिद्ध जैसीले अर्द्धसतक बनाए । सुरूदेखि धैर्यपूर्ण ब्याटिङ गरेका उनले ९१ बलमा अर्द्धसतक पुरा गरेका थिए । उनी ५५ बलमा अविजित रहे ।

नेपालका अर्का ओपनर सुर्यान्सु कोइराला ब्याटिङका क्रममा घाइते भएर बाहिरिएका थिए । ९ रन बनाएर उनी मैदानबाट बाहिरिएपश्चात प्रसिद्धले तेस्रो नम्बरमा ब्याट्सम्यान रौनक श्रीवास्तवसँग बलियो साझेदारी गरे । आक्रामक ब्याटिङ गर्दै श्रीवास्तवले ४४ बलमा ४० रन जोडेका थिए । प्रसिद्ध र रौनकको साझेदारीले नै नेपाललाई जिततर्फ डोहोऱ्याएको थियो ।

यसअघि पहिले बलिङ गर्दै नेपालले सिंगापुरलाई १३५ रनमा रोकेको थियो । नेपाली टीमका कप्तान विपीनप्रसाद शर्माले ४ विकेट लिएपछि सिंगापुर कमजोर स्कोरमा समेटिएको हो ।सिंगापुरका कप्तान रियान नाइकले उत्कृष्ट ब्याटिङ गर्दै अर्धसतक बनाए । चौथो नम्बरमा आएका उनले ५३ बलमा ५३ रन जोड्दै टीमलाई अगाडि बढाएका थिए । ओपनर आहान भुथान्दमले विष्फोटक ब्याटिङ गर्दै ३२ बलमा ३८ रन जोडेका थिए ।

सिंगापुरले ६५ रन बनाउँदासम्म दुई विकेटमात्र गुमाएको थियो । तर, त्यसपछि नेपालका कप्तान शर्मा खेलमा हावी भए । उनले ३४ रनको खर्चमा ४ विकेट लिँदै सिंगापुरको ब्याटिङ धराशयी बनाएका थिए । सिंगापुरले थप ७० रन जोड्दा ८ विकेट गुमाएको थियो ।

नेपालका लागि सचित भट्टले ६ ओभरमा १८ रन खर्चेर दुई विकेट लिएका छन् । यस्तै अभय यादव र शुभम खनालले एक-एक विकेट बाँडे ।

# ४० हजार जनप्रतिनिधिलाई देशले पाल्न सक्दैन : लिङ्देन



बुटवल । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले अहिले देशमा भइरहेको जनप्रतिनिधि देशले धान्न नसक्ने बताएका छन् ।

विद्यार्थीसँग विचार विमर्श कार्यक्रममा बोल्दै उनले झन्डै ४० हजार जनप्रतिनिधि देशमा रहेको भन्दै धान्न नसक्ने बताए । उनले भने, 'तीन तहको संरचना छ, भारतको एउटा प्रान्त जस्तो जनसट्ट्या छैन । यति धेरै जनप्रतिनिधिको सट्ट्या छ । वडा सदस्यदेखि लिएर राष्ट्रपति, उपराष्ट्रपतिमात्रै होइन, पूर्वराष्ट्रपति र पूर्वउपराष्ट्रपतिलाई समेत जनताको कर र विदेशीसँग ऋण लिएर तलबभत्ता खुवाएर पाल्नुपरेको छ । यस्तो व्यवस्थालाई देशको अर्थतन्त्रले धान्न सक्दैन ।'

उनले राज्य संरचना, निर्वाचन प्रणाली पनि परिवर्तन गर्नुपर्ने बताए ।

देशमा भ्रष्टाचार भए पनि अख्तियार, अदालत सबैतिर पार्टीको कार्यकर्ता भर्ती केन्द्र भएकै कारणले रोक्न नसक्ने उनको भनाइ छ ।

अध्यक्ष लिङ्देनले भने, 'अख्तियारमा नेताले नियुक्ति गरेका मान्छे हुन्छन्, न्यायाधीश पनि नेताहरूले भागबन्डा गर्छन्, जिल्लाको न्यायाधीशको अगाडि राम्रो बहस गर्न जानेको हुँदैन, एउटा पार्टी पक्रेर सर्वोच्चको न्यायाधीश भइदिन्छ । अनि त्यो न्यायाधीशले आफूलाई नियुक्ति गर्नसक्दैन । त्यसैले नेता र व्यवस्था नै परिवर्तन गर्नुपर्छ ।'

# माओवादीको प्रश्न : दुई बुंदे सहमति कहिले लागू हुन्छ ?



काठमाडौं। प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रतिनिधिसभाको अवरोध खोल्ने गरी सत्तापक्षसँग भएको २ बुँदे सहमति अविलम्ब कार्यान्वयन गर्न माग गरेको छ ।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले सहमति अनुसार सरकारले भिजिट भिसा प्रकरणमा छानबिन समिति बनाउनुपर्ने माग गरे । एकातिर सहमति कार्यान्वयनमा बिलम्ब हुने र अर्कोतिर प्रतिनिधि सभामा अन्य प्रतिपक्षी दलको अवरोध जारी रहने अवस्था उचित नरहेको भन्दै पाण्डेले सरकारको ध्यनाकर्षण गरे।

आइतबार प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले भिजिट भिसामा जानेसँग अपारर्शी रुपमा आर्थिक लेनदेन हुने गरेको भनेर जेठ १३ गतेदेखि उठिरहेको बताए ।

यो राष्ट्रिय समस्या भएको र आम जनताको समेत चासो रहेको उल्लेख गर्दै उनले भने, 'अविलम्ब छानबिन समिति बनोस् जो सरकारले एक महिनाभित्र हामी गर्छौं भनेर गृहमन्त्रीले रोष्ट्रमबाट बोल्नुभएको छ त्यो गर्नका लागि अनुरोध गर्न चाहन्छु ।'

जेठ ३० गते प्रमसख प्रतिपक्षी माओवादीसँग सत्तापक्षले संसद्को अवरोध खोल्ने गरी २ बुँदे सहमति गरेको थियो । उक्त सहमतिसँगै माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी संसद्को कामकारबाहीमा सरिक भएको छ । तर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले संसद्मा अवरोध कायमै राखेका छन् । राप्रपाले सदनको कामकारबाही बहिष्कार गर्दै आएको छ भने रास्वपाले वेल घेराउ गर्दै आएको छ ।

'अविलम्ब छानबिन समिति बनोस् जो सरकारले एक महिनाभित्र हामी गर्छौं भनेर गृहमन्त्रीले रोष्ट्रमबाट बोल्नुभएको छ त्यो गर्नका लागि अनुरोध गर्न चाहन्छु ।'

माओवादीसँग सत्तापक्षले गरेको सहमतिको पहिलो बुँदामा भिजिट भिसामा हुने अनियमितता र अध्यागमनसँग सम्बन्धित विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरिरहेको अनुसन्धानलाई सरकारले आवश्यक सहयोग गर्ने भनिएको छ ।

दोस्रो बुँदामा अध्यागमन र भिजिट भिसाको सम्बन्धमा देखिएका समस्या समाधान गर्न सरकारले आवश्यक अध्ययन एवं छानबिन गर्ने प्रतिवद्धता छ । छानबिन पश्चात नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यक्त गर्न ठोस पहल गर्ने प्रतिबद्धता नेपाल सरकारले व्यक्त गरेको छ ।सम्झौतामा सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला र माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले हस्ताक्षर गरेका छन् । तर, उक्त सहमति कार्यान्वयनमा ढिलाइ भएको भनेर पाण्डेले खबरदारी गरेका हुन् ।

# पुतलीबजारको बजेट १ अर्ब ३ करोड




**प्रकाश डोटेल**

*स्याङ्जा ।*

स्याङ्जाको पुतलीबजार नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १ अर्ब ३ करोड ९६ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ। १७ औं नगर सभामा नगर उपप्रमुख देवी अर्यालले आगामी आवको लागि उक्त रकम बराबरको बजेट ल्याएकी हुन् ।

बजेटमा चालुतर्फ ६४ करोड ८ लाख र पुँजीगत तर्फ ३९ करोड ८८ लाखको बजेट प्रस्ताव गरिएको छ । शिक्षालाई पहिलो प्राथमिकतामा राखी ५ वर्षे शैक्षिक रणनीति सहित नगर शिक्षा योजना तयार गर्ने, कक्षा ५ सम्मका बालिका र दलित छात्रवृत्ति सहित निःशुल्क पाठयपुस्तक उपलब्ध गराउने, एक वडा एक खेल मैदान बनाउने महत्वकांक्षी बजेट प्रस्तुत गरिएको छ।

कक्षा १२ परीक्षा दिएकालाई लोक सेवा तथा क्यारिएर काउन्सिलिङ तथा सूचना प्रविधिसम्बन्धी तालिम, योग, ध्यान, व्यायाम, आयुर्बेदिक उपचार, स्वास्थ्य स्वयंसेविका, सरसफाइकर्मी, कुमाल, बोटे, माझी, गन्धर्व, वादी र 'ग' वर्गका अपांगता भएका ब्यक्तिलाई निःशुल्क स्वास्थ्य बिमा, ज्येष्ठ नागरिकको निःशुल्क स्वास्थ्य जाँचसहित नीति लिएको बजेटमा उल्लेख गरिएको छ।

यसैगरी, बजेटमा उपप्रमुखसँग सुत्केरी आमा पोषिलो खाना, उपप्रमुखसँग महिला, ९० दिन ९० अण्डा, सार्वजनिक पर्यटकीय स्थल, ऐतिहासिक मठ, मन्दिर पाटीपौवा, प्रतीक्षालय, विभिन्न धार्मिक विद्यालय तथा स्थानहरु, खानेपानी तथा शौचालय निर्माणमा प्राथमिकता, एकीकृत खानेपानी आयोजना, कृषि उत्पादनमा जोड, ५० प्रतिशत अनुदान, बाँझो जग्गामा खोती गर्नेलाई प्रतिरोपनी २ सय नगद अनुदान सहित प्रोत्साहित गर्ने व्यवस्था गरिएको छ।

साथै, सहकारी शिक्षा, निस्क्रिय सहकारीलाई लिक्विडेशन तथा मर्जरको व्यवस्था, बेरुजु सम्परीक्षण, कर्मचारी तथा जनप्रतिनिधिका क्षमता तथा दक्षता अभिवृद्धिसँगै सूचना तथा प्रविधिको पहुँचमा ल्याइने, टुक्रेयोजना निरुत्साहित, घरधुरी सर्वेक्षण, पुरातत्व झल्किने चुना, इँटा, साल, तामाका छानाको प्रयोगमा जोड, एक घर एक फलफूल बिरुवा, एक वडा एक पोखरी, एक वडा एक हरियाली पार्क निर्माणमा जोड दिइने झण्डै २ सय बुँदे कार्यक्रम ल्याइएको छ।

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**कृषिमा आधुनिकीकरण गरौं**

-कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं ।
- वैज्ञानिक खेती पद्धतिको विकास गरौं ।
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं, सिंचाइ प्रणालीमा सुधार गरौं ।
- सिंचाइ नभएको स्थानमा बोरिग र पम्पलेट प्रयोग गरी सिंचाई गरौं ।
- परम्परागत विषादीको प्रयोग गरी कीराफट्यांग्रा नियन्त्रण गरौं ।
- बजार व्यवस्थापन प्रणालीको विकास गरौं ।
- कृषक समूहमा आबद्ध भई ज्ञान आदान-प्रदान गरौं ।
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।
- कृषि क्षेत्रमा आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com